नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# वर्षाको संभावना भएका क्षेत्रहरुका कृषकहरुको लागि राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

## आगामी तीन दिनको मौसमी अवस्थाको विश्लेषण र पूर्वानुमान

बंगालको खाडीमा विकसित चक्रवात "मोन्था" आज मिति २०८२/०७/११ गते मंगलबार राती भारतको आन्ध्र प्रदेशमा प्रवेश गर्ने क्रममा रहेको र तत्पश्चात् बिस्तारै कमजोर हुँदै उत्तर-उत्तरपश्चिम दिशामा सर्दै न्यूनचापीय क्षेत्रका रुपमा नेपालको मध्य भू-भाग नजिक आई पूर्वतर्फ सर्दै मिति २०८२/०७/१३ गते बिहीबार दिउँसो देखि मिति २०८२/०७/१५ गते शनिबार बिहानसम्म नेपालको बागमती, मधेश र कोशी प्रदेशको मौसम प्रभावित हुने देखिन्छ। उक्त प्रणालीको प्रभावले मधेश र कोशी प्रदेशका धेरै स्थानहरूमा तथा बागमती प्रदेशका केही स्थानहरूमा मध्यम वर्षाको सम्भावना रहेको छ। मधेश र कोशी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ। साथै गण्डकी र लुम्बिनी प्रदेशका पूर्वी भू-भागका थोरै स्थानहरूमा हल्का वर्षाको सम्भावना रहेको छ।

कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू(भागका थोरै स्थानहरूमा मध्यम हिमपातको सम्भावना रहेको छ। साथै कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा भारी हिमपातको सम्भावना समेत रहेको छ।

हालको विश्लेषण अनुसार उक्त अवधिमा देशको बागमती, कमला, कोशी र कन्काई नदी र यी नदीका सहायक नदीहरुमा बहाब उल्लेख्य बढ्ने र सतर्कता तह आसपास पुग्न सक्ने देखिएको साथै कोशी, बागमती र मधेश प्रदेशका महाभारत, चुरे भई बहने स-साना नदीनाला हरुमा आकस्मिक बहाव हुन सक्ने सम्भावना रहेको छ। विशेष गरि बागमती प्रदेशका काठमाण्डौ उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली, मधेश प्रदेशका बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा, सप्तरी र कोशी प्रदेशका संखुवासभा, ताप्लेजुङ, पांचथर, तेह्रथूम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ, सुनसरी जिल्ला भई बहने स-साना नदीहरुमा आकस्मिक बहावको सम्भावना उच्च रहने देखिएको छ।


*श्रोतः जल तथा मौसम विज्ञान विभाग*


नेपाल सरकार


नेपाल कृषि अनुसन्धान परिषद्

# वर्षाको संभावना भएका क्षेत्रहरुका कृषकहरुको लागि राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

## वर्षा/हिमपातको सम्भावित जोखिमको आँकलन



नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्

# वर्षाको संभावना भएका क्षेत्रहरुका कृषकहरुको लागि राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

## वर्षाको समयमा कृषि कर्महरु गर्दा ध्यान दिनुपर्ने कुराहरु

- भारी वर्षा/हिमपातको समयमा खेतबारीमा काम नगर्नुहोस्। गर्नै परेमा वर्षा/हिमपातबाट जोगिन विशेष सावधानी अपनाउनुहोस्।
- भारी वर्षाको संभावना भएका स्थानहरुमा पाक्न लागेका धान खेतहरुमा, तरकारीबाली तथा फलफूल बगैंचाहरुमा पानी निकासको उचित व्यवस्था गर्नुहोस्।
- वर्षा वा हिमपात भइरहेको समयमा मल वा गोठे मल प्रयोग गर्दा मलको क्षति वा चुहावट हुन सक्ने भएकोले वर्षा रोकिएर माटो हल्का सुक्खा भएपछि मात्रै मल हाल्नुहोस्। साथै, सबै खाले विषादीहरु प्रयोग नगर्नुहोस्।
- खास गरेर नदी, खोला छेउमा स्थित संरचनाहरु (कृषि फार्म, संरक्षित संरचना) बाढीको जोखिममा पर्न सक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य सामग्रीहरु सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस्।
- जल तथा मौसम विज्ञान विभागबाट जारी हुने तीन दिने मौसम पूर्वानुमान बुलेटिन अध्ययन गरी सोही अनुसार व्यवस्थापन गर्नुहोस्। मौसम सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने चौविसै घण्टा उपलब्ध जल तथा मौसम विज्ञान विभागको फोन नम्बर-११५५ मा फोन गर्नुहोस्।
- राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटारबाट हरेक शुक्रवार जारी हुने साप्ताहिक कृषि-मौसम सल्लाह बुलेटिन अध्ययन गरी सोही अनुसार व्यवस्थापन गर्नुहोस्।

| | |
|---|---|
| **धानबाली** | • बीउको लागि धानको बाला छुट्याउनुपर्ने भएमा मौसमको अवस्था हेरी वर्षा हुनु अगावै (बुधबार) बाला छुट्याई ओभानो ठाउँमा राख्नुहोस्।<br>• काटेर खेतमै छोडेको धानको पाँजोलाई संकलन गरी पानी नजम्ने अग्लो स्थानमा ओतको व्यवस्था गरी राख्नुहोस्।<br>• धान खेतबाट पानीको निकास राम्रोसँग गर्नुहोस्। खेतको गराको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्।<br>• नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको ३-४ दिनपछि मौसमको अवस्था हेरेर मात्र धान काट्नुहोस्। |
| **हिउँदे बाली** | • यस अवधिमा गहुँ, तोरी, मकै, मुसुरो, आलु लगायत अन्य हिउँदे बालीहरु लगाउने कार्य रोक्नुहोस्।<br>• आलु लगाई सकेकाले आलु खेतबाट पानी निकासको व्यवस्था गर्नुहोस्। |
| **फलफूल / तरकारी बाली** | • हावाहुरीबाट जोगाउन केराको बोटमा टेको दिनुहोस्।<br>• विभिन्न तरकारीबाली हरुको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुहोस्।<br>• तरकारी बालीका नर्सरी, व्याडमा रहेका बेर्ना जोगाउन प्लाष्टिक वा खर/पराल आदिको छानो लगाउनुहोस्। |

नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# वर्षाको संभावना भएका क्षेत्रहरुका कृषकहरुको लागि राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

| | |
|---|---|
| **अन्य** | • उखुबाली लगाएको जग्गामा लागातार २४-४८ घण्टासम्म डुवान भएमा उखुबालीमा रातो सडन रोग (Red rot) लाग्ने तथा उत्पादन घट्ने हुँदा पानीको निकासको व्यवस्था गर्नुहोस्। साथै, उखु लगाएको जग्गामा आउने पानीको श्रोत बन्द गर्नुहोस्।<br>• पानी पर्ने तथा तापक्रम घट्ने संभावना रहेकोले मौरी घारलाई चारैतिरबाट प्लाष्टिक वा जुटको बोराले बेरेर राख्नुहोस्। साथै, घारको नियमित निरीक्षण गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी बनाएर खुवाउनुहोस्। |
| **पशुपालन / मत्स्यपालन** | • पशु चौपायालाई चिसोबाट जोगाउन खुल्ला स्थानमा नराख्नुहोस्। उच्च पहाडी भेगका पशुवस्तुलाई मनतातो पानी खुवाउनुहोस्।<br>• पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्नुहोस्। भिजेका, र बाढी पसेका स्थानका घाँस, पराल, दाना वा अन्न नखुवाउनुहोस्। यस्तो अवस्थामा पशुवस्तुलाई पाचन प्रणाली, र श्वासप्रश्वास प्रणालीजन्य रोगका लक्षणहरु देखिन सक्ने हुँदा, सो बारेमा चनाखो भई पशुवस्तुहरुलाई अनुगमन गर्नुहोस्।<br>• पानी परिरहेको, हावामा आर्द्रता बढी भएको वा खोर चिसो र हिलो भएको अवस्थामा कुखुराहरुमा सुलसुले, जुम्रा जस्ता बाह्य परजिवीहरुको समस्या देखिने हुँदा दैनिक रुपमा खोरको अनुगमन गर्नुहोस्। यदि सुसलसुले जस्ता परजिवीहरु देखिएमा, बाह्य परजिवीनाशक विषादीहरु जस्तै- स्पिनोसाड, साईपरमेथ्रिन, वा एमिट्राज दक्ष प्राविधिकको सल्लाहमा आवश्यकता अनुसारले प्रयोग गर्नुहोस्।<br>• माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउनुहोस्। |

*नोटः थप प्राविधिक जानकारी आवश्यक परेमा राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटारको फोन नं ०१-५२३००१ वा ९८५११४२७८ मा सम्पर्क गर्नुहोस्।*